षडानन्द नगरकार्यपालिकको कार्यालय
दिंला भोजपुर ।
प्रदेश नं १, नेपाल

**करारमा सेवा लिने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७४।१२।३०

षडानन्द नगरपालिकाको लागि नगर कार्यापालिकाको कार्यालयमामा रहने गरी अमिन र कम्प्युटर अपरेटर पद को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.shadanandamun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| अमिन | १ एक |
| कम्प्युटर अपरेटर | १ एक |

२. **शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यताः अमिनको हकमा एस.एल.सी उतिर्ण गरी, मान्यता प्राप्त संस्थाबाट अमिन सम्बन्धि १५ महिने तालिम उतिर्ण गरेको । कम्प्युटर अपरेटरको हकमा प्लस टू उतिर्ण गरी मान्यता प्राप्त संस्था बाट ६ महिना तालिम प्राप्त ।

३. अनुभवको हकमा सम्बन्धित कार्यमा कम्तीमा छ महिनाको कार्य अनुभव भएको ।

४. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।

५. तलव स्केलः नगरकार्यपालिकाले तोके बमोजिम हुने ।

६. करार अवधिः करार सम्झौता अनुसार हुने ।

७. दर्खास्त दस्तुरः रू ५००।- मात्र

८. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत